मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २११ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ४ गते मंगलवार (Tuesday, 18 June 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ६ किलो सुनसहित चिनियाँ नागरिक पक्राउ

**काठमाडौँ, असार ३।** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले छ किलो सुनसहित एक चिनियाँ मूलका नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा ३७ वर्षीय चिनियाँ मूलका नागरिक सोनाम गुरुङ रहेका केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) का प्रवक्ता एवम् प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए।

उनले भने -काठमाडौँबाट छ किलो सुनसहित सोनाम गुरुङ भन्ने चिनियाँ मूलका नागरिकलाई पक्राउ गरिएको छ, यस विषयमा थप अनुसन्धान भइरहेको छ। पक्राउ परेका गुरुङको घरबाट प्रहरीले रु ४८ लाख नगद पनि बरामद गरेको सिआइबीले जनाएको छ।

## जरिबुटे सहकारीमा करोडबढी हिनामिना




**पाँचथर,असार ३ ।** पाँचथरको मिक्लाजुङ गाउँपालिका वडा न. ४ रविमा अवस्थित जरिबुटे सहकारी संस्थामा लेखा परीक्षणमा रकममा नमिलेपछि हिनामिना भएको आशंका गरिएको छ।

सहकारीमा १ करोड ७१ लाख रुपैयाँभन्दा बढी रकम नमिलेपछि आर्थिक अपचलन भएको आशंका गरिएको हो। संस्थाका पूर्व ब्यवस्थापक दिलेन्द्र खनाल र लेखापाल रामकुमार राई रहँदाको समय गत आ.व.०७९/०८० को रकम नमिलेपछि रकम हिनामिना भएको आशंका गरिएको छ। अहिले उनीहरुमाथि रकम हिनामिना गरेको आरोप लागेपछि दुवै जनाले सहकारीबाट राजीनामा दिएका छन्।

वचतकर्ताको रकम उठाउने तर बैंकमा लगेर रकम जम्मा नगर्ने,ब्यवस्थापक र लेखापाल मिलेर रकम खाने गरेको लेखा परीक्षणका क्रममा अनुमान गरिएको बताइएको छ। जसका कारण अहिलेसम्म गत आ.व.०७९/०८० को लेखा प्रतिवेदन समेत सहकारीले सार्वजनिक गर्न सकेको छैन्। हिसाव नै नमिलेपछि लेखा परीक्षकले समेत प्रतिवेदन तयार पार्न सकेका छैनन्। एक जना बचतकर्ताको १० हजारदेखि २० लाख रुपैयाँसम्म रकम हिनामिना भएको एक वचतकर्ताले आरोप लगाए।

सहकारी संस्थामा नयाँ ब्यवस्थापक सञ्जीव राई र लेखापाल जीवन ढकाललाई नियुक्त गरिएको छ। अहिले सहकारी संस्थाले ३ पटकसम्म आरोपित खनाल र राईलाई हिसाब मिलाउन पत्राचार गरिसकेको बताइएको छ। तर विभिन्न बहाना बनाएर र आलटाल गर्दै पूर्व ब्यवस्थापक खनाल, लेखापाल राई पञ्छिने गरेका छन्। संस्थाका अध्यक्ष प्रकाश राईको भने मृत्यु भइसकेको छ। यस्तै उपाध्यक्ष खड्गप्रसाद राईले राजीनामा दिइसकेका छन्।

अहिलेको नयाँ कर्मचारी ब्यवस्थापक सञ्जीव राई र लेखापाल जीवन ढकाल पनि यस विषयमा खासै खुलेर बोल्न चाहँदैनन्।

यो सहकारीको हिसाव मिलाउन अहिले लेखापरीक्षक समेत फेरिसकेका छन्। पहिले नरेन्द्रकुमार केरुङले सहकारीको लेखा परीक्षण गर्ने जिम्मा पाएका थिए। पछि उनले पनि नसकेपछि रेनु ओझालाई जिम्मा दिइएको थियो। तर उनले पनि लेखा परीक्षण प्रतिवेदन तयार गर्न नसकेको बताइएको छ।

यता तत्कालीन ब्यवस्थापक दीलेन्द्र खनालले भने सहायक खाता र मूल खाता भिडाएर अडिट नगर्दा यो समस्या आएको बताएको दावी गरेका छन्। जजसको नाम मुछिएको छ, उनीहरु एकै साथ भेला भएर हिसाब मिलान गर्न सक्दा समस्याको समाधान हुने उनले बताए।

# मनसुन शुरु भएसँगै प्राकृतिक विपत्ति बढ्यो



**झापा, असार ३ ।** पूर्वी नेपालबाट मनसुन भित्रिएसँगै प्राकृतिक विपदका घटनाहरु बढ्दै गएका छन्।

नेपालमा जेठ अन्तिम साताबाट मनसुन भित्रिएको हो। मनसुनमा प्राकृत्तिक विपद्का घटनाहरु बढ्न सक्ने भन्दै त्यसबाट जोगिन गृह मन्त्रालयले तदारुकताका साथ उद्धार र राहतका काम गर्ने बताएको थियो। तर, पूर्वी नेपालका पहाडी जिल्लाहरुमा बाढी र पहिरोका कारण ज्यान गुमाउनेको संख्या बढ्दै गएपनि उनीहरुलाई राहत र उद्धारको काममा गृहमन्त्री रवि लामिछानेले भने जस्तो तदारुकता देखिएको छैन।

ताप्लेजुङमा पहिरोका कारण पाँच जनाले ज्यान गुमाएका छन् भने संखुवासभामा समेत पहिरोका कारणले केही व्यक्तिले ज्यान गुमाएको कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ। यसपटक कोशी प्रदेशमा अधिक मात्रामा बर्षा हुने र मनसुनजन्य विपदका घटनाले धेरै मानिसहरु प्रभावित हुनसक्ने आकलन गरिएको छ। तर, त्यस अनुरुपको तदारुकता नदेखाउँदा मनसुन शुरु नहुँदै मानिसले बाढी र पहिरोका कारण ज्यान गुमाएका छन्।

जिल्ला विपद् व्यवस्थापन समितिले उच्च जोखिम, जोखिम र सामान्य गरी तीन भागमा विभाजन गरेर त्यसको तयारी गर्नु पर्ने हुन्छ।

तर, जिल्ला विपद व्यवस्थापन समितिले उच्च जोखिम र जोखिममा रहेका घर परिवारलाई उचित स्थानमा स्थानान्तरण गर्न ढिला गर्दा ताप्लेजुङ र संखुवासभामा मानिसले ज्यान गुमाउनु परेको हो। अन्य जिल्लामा समेत यसतर्फ सजगता अपनाउन गृह प्रशासन लाग्नु पर्ने देखिएको छ। पहाडी जिल्लामा बाढी र पहिरोको प्रकोप देखापरेका छ भने तराईका जिल्लामा डुवान तथा बाढीको समस्या शुरु भएको छ।

बर्षासँगै आएको बाढीका कारण कचनकवलमा कल्भर्ट भत्काउँदा सडक अवरुद्ध बनेको छ। अन्य क्षेत्रमा समेत समस्या देखिन थालेको बताइएको छ।

झापाका मेची, कनकाई, विरीङ , रतुवा, कमल, टाङ्टिङ लगायतका साना ठूला नदी तथा खोलाहरुमा आउनसक्ने बाढी र त्यसले निम्तन सक्ने विपद्प्रति जिल्ला विपद् व्यवस्थापन समितिले झापामा मनसुनजन्य विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरेको छ। कार्ययोजनामा मुख्य नदीनालाहरुमा प्रभावित हुनसक्ने भू-भागहरु, आश्रयस्थललाई समेत तयारी अवस्थामा राखिएको समितिले जनाएको छ।

## कोशीमा चट्याङबाट दुई सय ५४ जनाको मृत्यु



**बिर्तामोड, असार ३।** कोशी प्रदेशमा विगत दश वर्षमा चट्याङ लागेर दुई सय ५४ जनाले ज्यान गुमाएका छन्। मनसुनी वर्षाको अवधिभर प्रदेशमा चट्याङले त्रास सृजना गर्ने गरेको छ।

कोशी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिव कमल थापाका अनुसार विसं २०७० देखि २०८० सम्मको एक दशकका मनसुनजन्य विपद्को विश्लेषण गर्दा सबैभन्दा बढी मानवीय क्षति चट्याङबाट भएको पाइएको छ।

उक्त अवधिमा कोशी प्रदेशमा चट्याङका छ सय ९८ घटना भएका थिए। त्यसमा दुई सय ५४ जनाको मृत्यु र पाँच सय ८७ जना घाइते भएको उनले जानकारी दिए। प्रदेशभर एक दशकमा सात सय ५७ परिवार चट्याङबाट प्रभावित भएको तथ्याङ्कमा उल्लेख छ।

उपसचिव थापाका अनुसार एक दशकमा चट्याङबाट रु. तीन करोड ९५ लाख ५८ हजार पाँच सय बराबरको भौतिक सम्पत्तिको क्षति भएको छ। खेतमा कृषिको काम गरिरहेका किसान चट्याङको शिकार बन्ने गरेका छन्।

कोशी प्रदेशमा एक दशकको अवधिमा मनसुनजन्य विपद्का दुई हजार ६० घटना भएको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

(बाँकी अन्तिम पृष्ठमा)

## संखुवासभामा बाढीपहिरोबाट २१ को मृत्यु, ३८ जना बेपत्ता

**संखुवासभा, असार ३।** सङ्खुवासभामा हरेक वर्ष बाढीपहिरोका कारण जनधनको क्षति हुने गरेको तथ्याङ्क छ।

जिल्लाका विभिन्न स्थानमा बर्सेनि विपद्बाट धेरै नागरिकले ज्यान गुमाउनाका साथै ठूलो आर्थिक क्षतिसमेत हुने गरे पनि पीडितलाई राहत तथा पुनःस्थापनाका लागि राज्यको ध्यान पुगेको देखिँदैन।

पछिल्लो समय जतातत्तै डोजरको प्रयोगले हुने विकासले बाढीपहिरो र भूक्षयको जोखिम बढिरहेको विज्ञहरुले बताएका छन्। विगत १० वर्षयताको तथ्याङ्क हेर्दा एक सय सातवटा पहिरोको घटनामा परी १६ जनाको ज्यान गएको छ भने १९ जना बेपत्ता भएका छन्। त्यस्तै बाढीका कारण पाँच जनाको मृत्यु र १९ जना बेपत्ता भएका तथ्याङ्क छ।

विसं २०७० देखि २०८१ असारसम्म सङ्खुवासभामा दर्जनौं बस्ती विस्थापित भएका छन्। विसं २०८० असार २ गते हेवाखोलामा बाढी आउँदा हाइड्रोपावरमा कार्यरत् १७ जना बेपत्ता भएका थिए। त्यस्तैगरी, विसं २०७७ असार २७ गते राति

(बाँकी अन्तिम पृष्ठमा)

## पूर्वी नाकाबाट तरकारी आयात घट्यो



**दमक, असार ३।** झापा सहित पूर्वी नेपालमा तरकारी उत्पादन बढेपछि आयात घट्दै गएको छ। मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार यो चालू आर्थिक वर्षमा झण्डै २५ करोड मूल्य बराबरको तरकारी आयात घटेको हो।

गत आर्थिक वर्षको १० महिनामा १ अर्व ६१ करोडको तरकारी आयात भएकोमा यो वर्ष १ अर्व ३६ करोड मूल्यको तरकारी आयात भएको छ। मेची भन्सार कार्यालयका भन्सार अधिकृत गणपति कँडेलका अनुसार गत बर्षको तुलनामा यो वर्ष तरकारी आयातमा कमी भएको देखिएको छ।

संगठित रुपमा सहकारी तथा समूहरुले व्यावसायिक रुपमा तरकारी उत्पादन गर्न थालेसँगै आयात घट्दै गएको हो। स्वदेशमा नै तरकारी उत्पादन हुन थालेपछि आयात कम हुनु सुखद भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए। व्यावसायिक तरकारी खेतीप्रति आकर्षण बढ्दा आयात घटेको हो- उनले भने।

पछिल्लो समय कृषि सहकारी संस्थाहरुले उत्पादन र बजारीकरणमा ध्यान दिन थालेका छन्। स्थानीय सरकार र प्रदेश सरकारले कृषि क्षेत्रलाई केन्द्रमा राखेर बजेट निर्माण गर्दा यसबाट किसानहरुको आकर्षण बढेको उनको भनाइ छ। बेमौसमी तरकारी खेती पनि बढ्दै गएको उनले जानकारी दिए।

दमक नगरपालिका वडा नं. -९ मा रहेको सेतुमारी कृषि सहकारी संस्थाले २ महिनामा करिब ६ लाख मूल्यको सागसव्जी उत्पादन गरेर बिक्री गरेको बताइएको छ। संस्थाका व्यवस्थापक दीपक खनालका अनुसार ८५ जना सहकारीमा आवद्ध रहेका किसानले व्यावसायिक रुपमा तरकारी उत्पादन शुरु गरेका छन्।

यस्तै झापा लगायत इलाम तथा पाँचथरमा समेत व्यावसायिक तरकारी खेतीमार्फत स्थानीय किसानहरुले तरकारी उत्पादन गर्न थालेका छन्। स्थानीय किसानद्वारा उत्पादित तरकारी बजार पुऱ्याउन थालेपछि आयातमा कमी आएको बताइएको छ।

## कोशी प्रदेशमा 'एक विद्यालय, एक नर्स कार्यक्रम' प्रभावकारी



**दमक , असार ३।** कोशी प्रदेशमा 'एक विद्यालय, एक नर्स कार्यक्रम' प्रभावकारी बन्दै गएको छ। विद्यालय तहमा विद्यार्थीको स्वास्थ्य उपचार गर्ने उद्देश्यले सञ्चालन गरिएको सो कार्यक्रमबाट विद्यार्थी लाभान्वित पनि भएका छन्।

प्रदेशका कूल एक सय ७३ सामुदायिक विद्यालयमा प्रदेश सरकारले नर्सिङ सेवा कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रमको माग गर्ने विद्यालयको सङ्ख्या बर्सेनि बढ्दै गएको छ। तत्कालीन अवस्थामा सामाजिक विकास मन्त्रालयले सञ्चालन गरेको यो कार्यक्रम प्रदेशमा छुट्टै स्वास्थ्य मन्त्रालय स्थापना भएसँगै २०७८ सालदेखि प्रदेश स्वास्थ्य निर्देशनालयमार्फत सञ्चालनमा छ।

कोशी प्रदेश स्वास्थ्य निर्देशनालय, धनकुटाका प्रमुख ज्ञानबहादुर बस्नेतका अनुसार शुरुमा यो कार्यक्रम प्रत्येक पालिकाका एक/एक विद्यालयमा सञ्चालनमा ल्याइएको थियो। तर पछिल्लो समय एक हजारभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयमा नर्सिङ कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था छ। यो व्यवस्थासँगै धेरै विद्यालयबाट यो कार्यक्रम माग भई आएको उनले जानकारी दिए।

चालू आर्थिक वर्षमा मात्रै प्रदेशका

(बाँकी अन्तिम पृष्ठमा)

## 'कर प्रणाली सुध्रिए तीन खर्ब राजश्व थपिन्छ'

**काठमाडौँ, असार ३।** कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले सरकारलाई बुझाएको प्रतिवेदनले मुलुकको विद्यमान कर प्रणाली सुधार गर्न सके करिब रु. तीन खर्ब राजश्व थपिने देखाएको छ।

विभिन्न वस्तुमा दिइएको मूल्य अभिवृद्धि कर (भ्याट) छुट खारेज गरिनुपर्ने, आयकरको स्लाब संशोधन गर्नुपर्ने, स्वास्थ्यमा हानी गर्ने वस्तुबाहेकको अन्तःशुल्क हटाउनुपर्ने, हरित कर लगाइनुपर्ने, सामाजिक सुरक्षा करमा परिमार्जन गर्नुपर्ने, नगद भुक्तानीको सीमा घटाएर डिजिटल भुक्तानीको सीमा बढाइनुपर्नेलगायत सुझाव समितिले दिएको हो।

सरकारको विसं २०८० भदौ २९ गतेको निर्णयानुसार विद्याधर मल्लिकको अध्यक्षतामा गठन भएको चार सदस्यीय समितिले गत फागुनमा प्रतिवेदन बुझाएको थियो। अर्थ मन्त्रालयले सार्वजनिक गरेको उक्त प्रतिवेदनअनुसार कर प्रणाली सुधारका लागि स्थायी बोर्ड गठन, प्रभावकारी न्याय निरुपण संयन्त्र निर्माण, विभिन्न कानूनी, नीतिगत तथा प्रक्रियागत सुधारलगायत सुझाव आएका छन्।

कर प्रणाली सुधारका लागि सिफारिस गरिएका सुझावको प्रभावकारी कार्यान्वयनका लागि राजश्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको छ। समितिले तयार पारेको कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई सरकारले प्रक्षेपण गरेको भन्दा करिब रु. दुई खर्ब ९१ अर्ब थप राजश्व सङ्कलन हुने प्रतिवेदनमा उल्लेख छ। समितिमा लक्ष्मण अर्याल, प्रा. डा. रामप्रसाद ज्ञवाली र श्यामप्रसाद दाहाल सदस्य थिए।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष मल्लिकले पर्याप्त अध्ययन र क्षेत्रगत रुपमा हिसाब गरेरै करिब रु. तीन खर्बको राजश्व थप गर्न सकिने सम्भावना प्रतिवेदनमा राखिएको बताएका छन्।

आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि

(बाँकी अन्तिम पृष्ठमा)

## असार १५ देखि स्नोकर प्रतियोगिता

**बिर्तामोड, असार ३।** झापाको बिर्तामोडमा नेपाल मास्टर्स स्नोकर प्रतियोगिताको तयारी गरिएको छ। बिर्तामोड स्नोकरको आयोजनामा आगामी असार १५ गतेदेखि उक्त प्रतियोगिताको आयोजना गरिएको हो।

स्नोकर खेलाडीहरुको प्रतिभा प्रष्फुटन गर्दै खेलको प्रर्वद्धन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको बिर्तामोड स्नोकरका सञ्चालक खेम बुढाथोकीले बताए। नेपालका राष्ट्रिय खेलाडी, कोशी प्रदेश र बिर्तामोडका खेलाडीहरुको सहभागितामा उक्त प्रतियोगिता गरिने बिर्तामोड स्नोकरका अर्का सञ्चालक नवल अग्रवालले बताए।

आगामी असार १५ गतेदेखि बिर्तामोड स्नोकरमा हुने प्रतियोगितामा आमन्त्रित खेलाडीको रुपमा नेपालका राष्ट्रिय खेलाडीहरु इटहरीका आयुश गौतम, काठमाडौंका वाङ्चु आले तामाङ, राजेन लामा, मिलन लामा, सविन तामाङ, नितेश फण्डेलवाल, जय महर्जन, पुनल श्रेष्ठ, फुर्वा दोर्जे शेर्पा, बुटवलका अंकितमान श्रेष्ठ (रेगन), हेटौंडाका सोम लामा, विकाश महर्जन, विराटनगरका

(बाँकी अन्तिम पृष्ठमा)

'शिक्षा जीवनको ज्योति हो, जगाऔं सबै मिली'

**इन्द्रचन्द्र क्याम्पस**

विर्तामोड, झापाको मिति २०८१।०२।२९

**सूचना ! सूचना !! सूचना !!!**

**यस इन्द्रचन्द्र क्याम्पस, बिर्तामोड-६, झापाको स्थापनाको ११औं वर्षको अवसरमा यस क्याम्पसमा अध्ययनरत जेहेन्दार, विपन्न, सीमान्तकृत, द्वन्द्व पीडित एवम् दलित विद्यार्थीहरुको शैक्षिक यात्रालाई उत्प्रेरणा प्रदान गर्ने तथा क्याम्पसमा भविष्यमा आइपर्न सक्ने विपद् व्यवस्थापनलाई समेत सम्बोधन गर्ने मूल उद्देश्यका साथ यस क्याम्पसमा विद्यार्थी कल्याण अक्षयकोष स्थापना गर्न लागिएको छ। यस अक्षय कोषमा आफ्नो मन, वचन र कर्मले सहयोग गर्न सम्पूर्णदाता महानुभावहरुमा सहर्ष जानकारी गराउँदै यो सूचना प्रकाशित गरिएको छ।**

**प्रकाश दाहालः क्याम्पस प्रमुख**



**ड्रागन फलको आकर्षणः** झापाको अर्जुनधारा-९ र ११ स्थित नमूना सामुदायिक वन उपभोक्ता समूहको ब्लक नं. २ मा गरिएको व्यावसायिक ड्रागन फलको खेती । सिँउडी प्रजातिको बिरुवामा पर्ने यो फल बहुआयामिक भएको हुँदा यसलाई आम्दानीको राम्रो स्रोतका रुपमा लिन थालिएको छ ।

**शब्द/तस्वीरः अमित खम्बू/पूर्वाञ्चल दैनिक**

# दलित नगर उपभोक्ता समितिको नौमती बाजा बजाउने तालिम

**अर्जुनधारा,असार ३।** दलित नगर उपभोक्ता समिति अर्जुनधाराको आयोजनामा गत जेठ २० गतेदेखि सञ्चालन भएको १५ दिने नौमती बाजा तालिम सोमबार सम्पन्न भएको छ ।

समितिका अध्यक्ष बुद्ध बराइलीको अध्यक्षता र अर्जुनधारा-११का वडा सदस्य पूर्णबहादुर राईको प्रमुख आतिथ्यमा आयोजित तालिम समापन कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । अर्जुनधारा-११ लक्ष्मीधापस्थित नमूना विश्राम गृहको सभाहलमा सञ्चालन भएको तालिमको क्रममा सहभागीहरुलाई विवाहमा बजाइने दुईचाले भाका, रोपाइँमा बजाइने बेठी र रमाइलो कार्यक्रममा बजाइने चुट्के भाका बजाउने प्रशिक्षण दिइएको प्रशिक्षक नरेन्द्र दर्नालले जानकारी दिए ।

अर्जुनधारा नगरपालिकाको आर्थिक सहयोग रहेको तालिममा २५ जना प्रशिक्षार्थीको सहभागिता रहेको समितिका सचिव धनकुमार नेपालीले बताए ।



त्यसैगरी कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरुमध्ये नारायण दर्जी, रुद्र बाग्दास र सविना परियारले तालिमको अनुभव प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियार, निवर्तमान कार्यपालिका सदस्य रमेशकुमार दर्जी, अर्का वडा सदस्य सीता कँडेल दर्जी, नेपाली काँग्रेस वडा सभापति जगत राना मगर, दलित अधिकारकर्मी पम्फादेवी विश्वकर्मा, प्रशिक्षक दर्नाललगायतले मन्तव्य राखेका थिए । कार्यक्रमा समितिकी सदस्य बालकुमारी रसाइलीले स्वागत गरेकी थिइन् ।

# 'दोहोरो सदस्यता नत्यागे कार्वाही'

**बिर्तामोड, असार ३।** एउटा पालिकामा एकै प्रकृतिका एकभन्दा बढी सहकारीको सदस्यता नलिन र लिएको भए एक मात्र सहकारीको सदस्यता लिन सहकारी विभागले सूचना जारी गरेको छ ।

जेठ ३१ गते जरुरी सूचना जारी गर्दै विभागले सहकारी ऐन २०७४ को दफा ३२ को उपदफा (१) मा भएको व्यवस्था अनुसार एक व्यक्तिले एक स्थानीय तहको एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्यता नलिन सूचना जारी गरेको हो । यदि कुनै सहकारीले सदस्यहरुलाई ऐनमा भएको व्यवस्था जानकारी गराएर कार्यान्वयन नगराए कानून बमोजिम कारबाही गरिने चेतावनी दिइएको छ ।

सूचनामा सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था रहेको उल्लेख छ ।

## संखुवासभा...

आएको पहिरोले सिलिचोङ गाउँपालिका-१ बेसिन्दामा ११ जना बेपत्ता बनाएको थियो ।

जिल्ला प्रशासन कार्यालयमा सोमबार बसेको विपद् व्यवस्थापन समितिको बैठकले उक्त तथ्याङ्क सार्वजनिक गरेको हो । जिल्लामा तीनवटै सुरक्षा निकायमा खोज तथा उद्धारका लागि २९ जना विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति रहेको सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले जानकारी दिए ।

यस वर्षको मनसुन गत जेठ २८ गतेदेखि शुरु भएकाले मनसुनबाट हुने क्षतिलाई कम गर्न, तत्काल खोज तथा उद्धार गरी राहत वितरण एवम् पुनःस्थापनालाई प्रभावकारी बनाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी खड्काले बताए । उनका अनुसार जिल्लाका ७६ वडामध्ये ३६ वडाले बाढीपहिरोको क्षति बेहोर्नु परिरहेको छ ।

गत जेठ ३१ गते आएको अविरल वर्षासँगैको पहिरोले तीन घर बगाएको थियो भने दुई दर्जनभन्दा बढी घर विस्थापित भएका छन् । खाँदबारी-११ आङ्लास्थित कोक्तिमा गाउँका मणिप्रसाद राई, रामप्रसाद राई र दिलबहादुर राईको घर पहिरोले बगाएको थियो ।

पहिरोले उत्तर दक्षिण कोशी सडकमा समेत क्षति पुगेको छ । कालोपत्र गर्न ठिक्क पारिएको चार किलोमिटर सडकमा क्षति पुगेको उत्तर दक्षिण कोशी सडक आयोजनाले जनाएको छ । यो कोशी राजमार्गअन्तर्गत खाँदबारी किमाथाङ्का सडक खण्डमा पर्दछ । पानीले सडकमा करिब एक करोडको क्षति गरेको सडक कार्यालयले जनाएको छ ।

प्रजिअ खड्काका अनुसार मनसुनजन्य प्रकोपबाट दुई जनाको मृत्यु र छ जनाभन्दा बढी घाइते भएका छन् । बाढीपहिरोका कारण तीनवटा पक्की पुलमा क्षति पुऱ्याएको प्रजिअ खड्काले जानकारी दिए । उनका अनुसार बाढीपहिरोले खाँदबारी नगरपालिकामा खानेपानीको मुहान र विद्युत् पोलमासमेत क्षति पुगेको छ । यही जेठ २१ गते वर्षासँगै आएको बाढीपहिरोले भोटखोला-४ स्थित छोङराङमा माथिल्लो अरुण आयोजनाको पहुँच मार्गको क्याम्प र दुईवटा गाडी समेत पहिरोले क्षति पुऱ्याएको छ । पहिरोले भोटखोला-४ स्याक्सिला गोलामा आधारभूत स्वास्थ्य चौकी, स्वास्थ्य उपकरण क्षति हुँदा लाखौं बराबरको भौतिक क्षति भएको प्रजिअ खड्काको भनाइ छ ।

पहिरोले भोटखोला-४ मा निर्माणाधीन पाँच शय्याको अस्पताल र सोही वडाको सेम्बुङमा रिदर ज्याबु भोटे पुरिएको छ । जिल्ला प्रशासन कार्यालयले बेपत्ता नागरिकको परिवारलाई मृतक सरह राहत रकम प्रदान गरेको छ । बाढीपहिरोले सयौं क्षेत्रफल खेतीयोग्य जमिन र बस्तीसमेत बगाउने गरेको छ ।

## कोशीमा ...

२०८१' मा उल्लेख छ । यस अवधिमा मनसुनजन्य विपद्बाट पाँच सय ८३ मानिसको मृत्यु, एक सय २० बेपत्ता र सात सय ४९ जना घाइते भएका थिए भने १८ हजार सात सय २८ परिवार प्रभावित भएका थिए ।

मनसुनजन्य विपदमध्ये बाढीका चार सय ६४ घटनामा एक सय ३२ जनाले ज्यान गुमाएका थिए भने ८२ बेपत्ता र २५ जना घाइते भएका थिए । पहिरोबाट सोही अवधिमा छ सय ७२ घटना भएका थिए । त्यसमा एक सय ९२ जनाले ज्यान गुमाउनु परेको थियो भने ३८ जना बेपत्ता र एक सय १९ जना घाइते भएका थिए ।

एक दशकको मनसुनजन्य विपद्बाट भएको मानवीय क्षतिको विश्लेषण गर्दा लगभग आधा जति मानवीय तथा भौतिक क्षति चट्याङबाटै हुने गरेको छ । विपदविज्ञ यशप्रसाद सुब्बाले विश्वको चट्याङको पाँच 'हटस्पट' मध्ये नेपाल पनि पर्ने बताए । जलवायु परिवर्तन र भौगोलिक स्थितिका कारण नेपालमा चट्याङको प्रकोप हुने गरेको छ ।

प्रभावकारी अर्थिङको व्यवस्था नहुनु र सचेतनाको कमीका कारण चट्याङबाट बढी क्षति भइरहेको छ- सुब्बाले भने । चट्याङ प्राकृतिक प्रकोप भए पनि यसबाट हुने क्षति न्यूनीकरणका उपायप्रति सचभेत नहुँदा र मानवीय लापर्वाहीले बढी क्षति हुने गरेको विज्ञहरु बताउँछन् ।

नेपालमा खेतमा काम गरिरहेका किसान चट्याङको निशानामा पर्ने गरेका छन् । यसबाट मानिस र पशु चौपायाको बढी सङ्ख्यामा मृत्यु भइरहेको छ । चट्याङबाट विद्युतीय उपकरणमा समेत ठूलो आँकडामा क्षति हुने गरेको छ ।

कोशी प्रदेशमा यस वर्ष एक लाख १३ हजार तीन सय ५३ घरधुरी मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमान गरिएको छ । त्यसमध्ये ३७ हजार आठ सय घरधुरी अझ बढी प्रभावित हुनसक्ने अनुमान गरिएको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०८१' मा उल्लेख छ ।

## कोशी ...

विभिन्न १३ विद्यालयमा यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत भइसकेको निर्देशनालयका प्रमुख बस्नेतले जानकारी दिए । यसअघि एक सय ६० विद्यालयमा मात्रै रहेको नर्सिङ सेवा कार्यक्रम चालू आर्थिक वर्षदेखि नै एक सय ७३ विद्यालयमा लागू गरिएको उनको भनाइ छ । प्रमुख बस्नेतले भने -यही आर्थिक वर्षभित्र कोशी प्रदेशका एक सय ७३ विद्यालयमा यो कार्यक्रम लागू हुँदैछ । माग आउने क्रम बढ्दै गएको छ ।

विद्यालयमा विशेष गरी किशोरीले आफ्नो स्वास्थ्य समस्याका कारण बीचैमा पढाइ छाड्ने समस्यालाई मध्यनजर गरेर विद्यालयमा नर्सिङ सेवा कार्यक्रम सञ्चालन गरिएको र यसको सकारात्मक प्रभाव परेको प्रमुख बस्नेतको भनाइ छ । यो सँगै अस्वस्थकर र स्वास्थ्यमा असर पुग्ने खानेकुराको लत लाग्नबाट जोगाउन र विद्यार्थीमार्फत समुदायमा जनचेतनाका कार्यक्रम चलाउन विद्यालय नर्सिङ कार्यक्रमबाट मद्दत पुगेको उनले बताए । स्वास्थ्य मन्त्रालय, स्थानीय तह र विद्यालयबीच त्रिपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने गरिएको छ ।

यता झापाको कमल गाउँपालिका-५ स्थित मङ्गलमय माविमा नर्सिङ सेवासँगै स्वास्थ्य इकाइको नेतृत्व गरिरहेकी नर्स मुना अधिकारीले नर्सिङ कार्यक्रमका अतिरिक्त स्वास्थ्य चेतनासम्बन्धिका अन्य जनचेतनामूलक कार्यक्रम पनि गर्ने गरिएको बताइन् । स्वास्थ्य सम्बन्धिका राष्ट्रिय दिवसका सन्दर्भमा सन्देशमूलक कार्यक्रम, बालबालिकालाई लगाइने खोपलगायतका स्वास्थ्य कार्यक्रमलाई लक्षित गरेर विद्यालय तहमा पनि विभिन्न कार्यक्रम गर्ने गरिएको उनले बताइन् ।

विद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुराको लेखाजोखा, नियमित स्वास्थ जाँच, प्राथमिक उपचारको व्यवस्था, अभिभावक तथा बालबालिकालाई स्वास्थ्य सुरक्षाका विषयमा समेत जानकारी गराउने कार्य नियमित रुपमा हुँदै आएको बताइन्छ ।। उक्त माविका निमित्त प्रधानाध्यापक डम्बरुप्रसाद पोखरेलले नर्सिङ सेवाका माध्यमबाट विशेष गरी किशोरीलाई पर्ने स्वास्थ्य समस्या समाधान गर्न सहज भएको बताए ।

यो कार्यक्रमबाट विद्यार्थीको नियमित स्वास्थ्य जाँच मात्र नभएर विषयगत पठनपाठनमा समेत फाइदा पुगेको उनको भनाइ छ

## असार...

अमन कार्की, पोखराका अजय सुनार, सोम विके, बुटवलका राजेन गुरुङले सहभागिता जनाउने खेल आयोजक समितिका प्रकाश लिङ्देनले जानकारी दिए ।

त्यस्तै कोशी प्रदेशको विराटनगरबाट सरोज गौतम, विशाल निरौला, इटहरीबाट आशिक राई, मन्दीप कटुवाल, धरानबाट मनिष श्रेष्ठ, वीरे लिम्बू, दमकबाट सुजन तामाङ, ताप्लेजुङबाट दीपेन्द्र भट्टराईले सहभागिता जनाउने खेल आयोजक समितिका चित्रप्रकाश राईले बताए ।

त्यस्तै बिर्तामोडबाट आकाश गजमेर, खेम बुढाथोकी, शोभित बाँस्तोला, विशाल तामाङ, विपीन कार्की, विकाश गोयल, नवल अग्रवाल र दीपक घिमिरेले सहभागिता जनाउने बताइएको छ । राष्ट्रिय खेलाडी, कोशी प्रदेश र बिर्तामोडका गरी जम्मा ३२ जना खेलाडीले सहभागिता जनाउने प्रतियोगिताका बिजेतालाई नगद दुई लाख रुपैयाँ, फष्ट रनरअपलाई ८० हजार रुपैयाँ, हाइएष्ट ब्रेकरलाई ५० हजार रुपैयाँ मेक्सिमम् ब्रेकर १४७ पोइन्ट प्राप्त खेलाडीलाई एक लाख ४७ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने आयोजक समितिका प्रकाश लिङ्देनले बताए ।

त्यसैगरी प्रतियोगिताको सेमी फाइनालिष्टलाई २०/२० हजार रुपैयाँ प्रदान गरिने उनले बताए । बिर्तामोडको अन्धुवापुल छेउको भवनमा बिर्तामोड स्नोकर्स रहेको र सोही स्थानमा प्रतियोगिता गरिने उनले बताए । प्रतियोगिता सम्पन्न गर्न १२ लाख रुपैयाँ खर्च लाग्ने र साथीभाइ तथा अन्य संस्थासँग सहयोग मागेर उक्त रकम जुटाइने लिङ्देनले बताए ।

प्रतियोगितालाई सफल बनाउन सबैले सहयोग गर्न स्नोकर खेलाडी केदार खनालले अनुरोध गरेका छन् । उक्त कार्यक्रमको सञ्चालन आशा गुरुङले गरेकी थिइन् ।

## कर...

कर, भन्सारलगायतका कुन क्षेत्रमा कति राजश्व उठाउन सक्ने सम्भावना छ भनेर हिसाब गरेरै यो तथ्याङ्क राखिएको हो- अध्यक्ष मल्लिक भन्छन् - विभिन्न कर छुट खारेज गरिनुपर्ने सुझाव समितिले दिएको छ । यो कठिन कार्य भएपनि असम्भव होइन ।

आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यको बुँदा नम्बर तीन सय १९ मा कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने उल्लेख छ । सरकारको यो प्रतिवद्धताले ढिलो चाँडो प्रतिवेदन कार्यान्वयन हुनेमा आशावादी रहेको अध्यक्ष मल्लिक बताउँछन् ।

प्रतिवेदनले दिएका सुझाव एकैपटक कार्यान्वयनमा लैजानुपर्छ भन्ने पनि होइन । सरकारले कार्यान्वयन गर्छु भनेको छ, तीनदेखि पाँच वर्षभित्र कार्यान्वयन गर्नसके राम्रो नतिजा देखिन्छ-उनले भने । समितिका सदस्य एवम् पूर्व सचिव अर्याल प्रतिवेदनमार्फत् दिइएका सुझाव कार्यान्वयन गर्न सके तत्काल करिब रु. तीन खर्ब थपिने दाबी गर्छन् । यो प्रतिवेदन कार्यान्वयनमा गयो भने अहिलेकै अवस्थामा करिब रु. तीन खर्ब राजश्व थपिने देखिएको छ । दीर्घकालमा अझ बढी थपिन्छ । त्यो कसरी र कहाँबाट सम्भव छ भनेर प्रतिवेदनमा स्पष्टरुपमा उल्लेख छ- उनले भने ।

प्रतिवेदन कार्यान्वयनका लागि राजश्व सचिवको संयोजकत्वमा कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको भए पनि सरकारले यस्तो संयन्त्र हालसम्म बनाइसकेको छैन । त्यस्तै, स्थायी प्रकृतिको स्वायत्त राजश्व बोर्ड गठन गर्ने, कर सम्बन्धी न्यायिक निरुपणका लागि छुट्टै संयन्त्र स्थापना गर्नुपर्ने, कर प्रशासनसँग सम्बन्धित कामहरु राजश्व समूहका कर्मचारीमार्फत् गर्नेलगायतका सुझाव दिइएको छ ।

नेपालको भ्याटको दर विश्वको औसत भ्याटदरभन्दा कम भए पनि आगामी पाँच वर्षसम्म यो एकल दरलाई स्थिर राख्ने एवम् कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गरी कर छुट हटाई कराधारको विस्तार गरिनुपर्ने सुझाव समितिले दिएको छ । हाल भ्याटमा कूल कर छुट करिब रु. दुई खर्ब बराबर देखिएकोले तत्कालै समयवद्ध रुपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरिनुपर्ने समितिको प्रतिवेदनमा उल्लेख छ ।

अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नुपर्दछ । प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक सङ्कटहरू देखिएको अवस्थामा मात्र सरकारले कानून बनाएर कर छुट दिनसक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेका आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजश्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ- प्रतिवेदनमा भनिएको छ ।

स्वास्थ्य तथा वातावरणलाई हानी तथा प्रकृतिजन्य वस्तुको संरक्षणका लागि अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुमा लागेको अन्तःशुल्क क्रमशः हटाउँदै जाने नीति लिइनुपर्ने सुझाव समितिको छ । कार्बन उत्सर्जन गर्ने, अतिरिक्त अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा हरित करको अवधारणा बमोजिम प्रणालीको विकास गर्ने र अन्तःशुल्क लागेका वस्तुलाई हरित करको क्षेत्रमा लैजानुपर्ने सुझाव छ । आर्थिक विधेयक २०८१ मार्फत् सरकारले पेट्रोलियम तथा कोइलाजन्य वस्तुको आयातमा हरित कर लगाउन शुरु गरिसकेको छ ।

मुलुकको आर्थिक अवस्थामा सुधार आएसँगै आयकरका दर घटाउन पनि समितिले सुझाव दिएको छ । संस्थागत आयकरको दरलाई प्रत्येक वर्ष एक प्रतिशतले कम गरी हालको २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याई १० वर्षको लागि यो करको दर स्थिर राख्ने नीति घोषणा गर्नुपर्दछ- प्रतिवेदनमा भनिएको छ,- व्यक्तिगत आयकरका तीनवटा दर कायम गर्नेगरी पुनरावलोकन गर्ने र व्यक्तिगत आयकरको अतिरिक्त कर (सरचार्ज) समेतको दर संस्थागत आयकरको दर भन्दा पाँच विन्दुले मात्र बढी कायम गर्नुपर्ने देखिन्छ ।

मदिरा तथा सुर्तिजन्य र बैंक तथा वित्तीय संस्थालाई तोकिएको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राखी यस वर्गमा रहेका अन्यको हकमा क्रमशः २५ प्रतिशतको दर कायम गर्नुपर्ने सुझाव आएको छ । त्यस्तै, निर्यातमूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १० प्रतिशत र अन्य सबै व्यवसायको संस्थागत आयकरको दर २० प्रतिशत कायम गरिनुपर्ने प्रतिवेदनमा जनाइएको छ ।

प्रति व्यक्तिको रु. ५० लाखभन्दा माथिको ब्याज, लाभाङ्श र दीर्घकालीन पुँजीगत लाभमा कर क्रमशः १० प्रतिशत पुऱ्याउनुपर्ने निष्कर्ष समितिको छ । धितोपत्र खरिद विक्रीको लाभमा तीन सय ६५ दिनभन्दा बढी अवधिको लागि साढे सात प्रतिशत र सो भन्दा घटी अवधिको हितको निसर्गमा १० प्रतिशत करको दर कायम गरिनुपर्ने एवम् कूल कारोबारको दुई प्रतिशतका दरले न्यूनतम वैकल्पिक कर लगाउने व्यवस्था शुरु गर्न पनि सुझाव गरिएको छ ।

सामाजिक सुरक्षा करमा पनि परिमार्जन गर्न समितिले सरकारलाई सुझाव दिएको छ । हाल कायम रहेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत करयोग्य आयमा छुट बापतको रकम घटाइ शुरुको १० वर्षसम्म तीन प्रतिशतबाट शुरु गरी त्यसपछि क्रमशः यसलाई पाँच प्रतिशतको दरले सामाजिक सुरक्षा योगदान कर लगाई दिगो रुपमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्दछ- प्रतिवेदनमा भनिएको छ ।

लगानीमैत्री कर प्रणाली, करको आधार एवम् दायराको विस्तार र राष्ट्रिय कराधारको संरक्षणका लागि नेपालको कर प्रणालीमा सुधारको खाँचो औंल्याइएको छ । करका दर, कानूनी प्रबन्ध र कर प्रणालीका प्रक्रियागत व्यवस्थामा नीतिगत स्थिरता दिनुपर्ने देखिन्छ- प्रतिवेदनमा उल्लेख गरिएको छ । समानता कायम गर्ने, उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने कर नीतिको प्रमुख लक्ष्य निर्धारण गरी तदनुकूल सङ्घीय राजश्व नीति र दीर्घकालीन कर सुधारको समयबद्ध कार्य योजना बनाइ कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा सुधार तथा कर तटस्थताको सिद्धान्तलाई अनुपालन गर्न पनि सरकारलाई सुझाव दिइएको छ । घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री एवम् सम्पत्ति निसर्ग बमोजिमको वार्षिक कारोबार अङ्क तथा कारोबारको पटक सङ्ख्याको सीमा निर्धारण गरी त्यस्तो बिक्री/निसर्गबाट प्राप्त लाभलाई व्यावसायिक आय मानी करारोपण गर्न र व्यक्तिले वार्षिक रु. ४० लाख भन्दाबढीको आयको अनिवार्य रुपमा आयविवरण दिने व्यवस्थाको अनुपालनामा जोड दिन सुझाव गरिएको छ । विद्यमान ११ तहको भन्सार दरलाई छ तहमा झार्ने र त्यसपछिका वर्षमा तीन चरणमा गरी शून्य, १० र २० स्लाबहरूमा सीमित राख्नुपर्ने समितिको सुझाव छ ।


# मेची आँखा अस्पताल
## बिर्तामोड-३, सैनिकमोडको
## सूचना ! सूचना !! सूचना !!!

**यस मेची आँखा अस्पतालले सदा झैं गर्दै आएको सामुदायिक कार्यक्रम अन्तर्गतका आँखा शिविर, शल्यक्रियासहितका आँखा शिविर सञ्चालनका लागि यस आर्थिक बर्ष २०८१/०८२ (सन् २०२४/२०२५)का लागि इच्छुक पालिका, वडा तथा संघ-संस्थाहरुले आफूले शिविर सञ्चालन गर्न चाहेको स्थान, मिति र संस्थाको नाम खुलाई सूचना प्रकाशित भएको १५ दिनभित्रमा अस्पताल प्रशासनमा आधिकारिक निवेदन दिनुहुन अनुरोध गर्दछौं ।**

**नोट : निवेदन** *Email* **मार्फत पनि पठाउन सकिने छ ।**

**अस्पताल** EMAIL: mecc@ntc.net.np/mechieye2079@gmail.com
**कार्यक्रम संयोजक** : kabitakarkikaderiya@gmail.com

**मेची आँखा अस्पताल**
बिर्तामोड-३, सैनिकमोड, झापा
**फोन नं. : ०२३-५३१९९२, ५३१९९३**



# बोलपत्र आह्वान

**सूचना नं. २/२०८०/०८१** — **प्रकाशित मिति २०८१।०३।०४ गते**

**यस वर्ष २०८१ सालमा आगलागी, बाढी, हावाहुरी तथा पहिरो जस्ता हुन सक्ने प्रकोपमा यस सहारा नेपाल संस्थाले आवश्यक सहयोग गर्न तपशिलका राहत सामग्री खरिद गर्नुपर्ने भएकोमा, सामग्री आपूर्ती गर्ने इच्छुक बिक्रेता तथा उत्पादकले सिलबन्दी बोल पत्र (कोटेशन) पेश गर्नु हुनका लागि अनुरोध गरिन्छ ।**

१. बोलपत्र आह्वान प्रकाशित मितिको १५ दिनको बेलुका ५:०० बजेभित्रमा पेश गरी सक्नुपर्नेछ ।
२. बोलपत्र आह्वानमा दुई खण्डमा तपशिल अनुसारको सामग्रीहरु माग गरिएको छ ।

| खण्ड क | खाद्यान्न सामग्री | ईकाई | खण्ड ख | सरसफाई सामग्री | इकाई |
|---|---|---|---|---|---|
| १ | चामल मन्सुली (बोरा) | २५ केजी | १ | साबुन (लुगाधुने) | प्रति गोटा |
| २ | मुसुरी दाल | प्रति केजी | २ | साबुन डिटोल (मिडियम) | प्रति गोटा |
| ३ | खाने तेल (तोरी) | प्रति लि. | ३ | साबुन राख्ने बट्टा | प्रति गोटा |
| ४ | अण्डा | प्रति क्यारेट | ४ | सेनीटरी प्याड | प्रति प्याकेट |
| ५ | चिनी | प्रति केजी | ५ | टुथ ब्रस | प्रति गोटा |
| ६ | आयोडिन नून | प्रति केजी | ६ | कपाल कोर्ने काइयो | प्रति गोटा |
| ७ | आलु | प्रति केजी | ७ | तौलीया | प्रति गोटा |
| ८ | बन्दा कोबी | प्रति केजी | ८ | प्लाष्टीक बाटा (मिडियम) | प्रति गोटा |
| ९ | चिउरा | प्रति केजी | ९ | प्लाष्टीक बाल्टी (मिडियम) | प्रति गोटा |
| १० | दालमोट (२०० ग्राम) | प्रति पकेट | १० | प्लाष्टीक मग (मिडियम) | प्रति गोटा |
| | | | ११ | पियुस, वाटर गार्ड | प्रति गोटा |

३. इच्छुक आपूर्तिकर्ताले बोलपत्र पेश गर्नु परेमा यस संस्थाको कार्यालयमा सम्पर्क गरी निःशुल्क बोल पत्र फारम प्राप्त गरी उक्त बोलपत्र फारममा रहेको सामग्री विवरण अनुसार करसहितको मूल्य उल्लेख गर्नुपर्नेछ ।
४. बोल पत्र पेश गर्दा आफ्नो फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाण पत्र तथा भएमा कार्य अनुभव पत्रको प्रतिलिपिसहित शिलबन्दी कोटेशन पेश गर्नुपर्नेछ ।
५. आपूर्तीकर्ताले सामग्रीआपूर्ति गर्दा यस संस्थाको कार्यालयसम्मको ढुवानी, जडान खर्च वा अन्य कुनै शुल्क लागेमा स्वयम् आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ ।
६. यस बोलपत्र सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**बोलपत्र पाउने स्थान :**
**सहारा नेपाल केन्द्रीय कार्यालय**
**बिर्तामोड -२ (चारपाने), झापा (सम्पर्क : ०२३-५४११९८, ५४३४०८)**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### सासु भत्ता नयाँ प्रणालीमा

**सरकारले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न राष्ट्रिय परिचय पत्रलाई अनिवार्य गरेपछि त्यसबिरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । अधिवक्ता विमल पोखरेलले उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न परमादेश माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयबिरुद्ध रिट दायर गरेका हुन् । मन्त्रिपरिषद्को गत जेठ २४ गते बसेको बैठकले यही साउन १ गतेदेखि लागू हुने गरी सामाजिक सुरक्षा भत्ता पाउन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्ने निर्णय गरेको थियो । सरकारले त्यसका लागि आवश्यक प्रबन्ध गर्न निर्देशन दिएको छ । त्यसै अनुसार हाल पहिलो चरणका अट्ठाइस वटा जिल्लामा राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन गर्ने काम भइरहेको पनि छ । सरकारको यस्तो निर्णयले अस्सी वर्ष पार गरेका, अपाङ्गता भएका, असहाय, अशक्त र दीर्घरोगका बिरामीलाई प्रत्यक्ष प्रभाव पर्ने भन्दै रिटमा तत्काल भत्ताका लागि परिचय पत्र अनिवार्य नगर्न आदेशको माग गरिएको छ ।**

**सरकारी सेवा प्रणालीलाई व्यवस्थित तथा चुस्त बनाउन भन्दै अघि बढाइएको यो प्रणालीले सुरक्षा भत्ता, पेन्सन लगायत रहेका कतिपय दोहोरापन तथा अनियमितता अन्त्य हुने सरकारको दाबी छ । त्यसैका आधारमा हाल पेन्सनमा रहेका राष्ट्रसेवकले पाइरहेको निवृत्तिभरणको निस्सामा राष्ट्रिय परिचय पत्र नम्बर समावेश गर्ने गरी प्रणाली व्यवस्थित गर्न समझदारी भइसकेको सरकारले जनाएको छ । अब साउनदेखि राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा निवृत्तभरकहरुको विवरण अद्यावधिक हुनेछ । त्यसका लागि कानून संशोधनको प्रक्रिया पनि अघि बढाइएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले जानकारी दिएका छन् । त्यसो त यो प्रणाली कार्यान्वयनमा आए धेरैले दोहोरो सुविधा नपाउने विभागको अपेक्षा पनि छ । यो प्रणालीको कार्यान्वयनले राज्यकोषको करिब एक अर्ब रुपैयाँ जोगिने बताइन्छ ।**

**सामाजिक सुरक्षा भत्ताका नाममा आर्थिक अनियमितता भएका समाचार बारम्बार सार्वजनिक भइरहेकै छन् । त्यसलाई व्यवस्थित गर्न पद्धतिमा फेरबदल पनि गरियो, तर अझै पनि दोहोरा भत्ता लिने, मृत्यु भई सकेका व्यक्ति र द्वैध नागरिकता भएकाहरुले पनि यो सुविधा लिइरहेका छन् । स्थानीय पालिकामै दर्ता भएर त्यहींबाट सामाजिक सुरक्षा भत्ता लिने हालको व्यवस्थामा चरम अनियमितता भएका र यो क्रम बढ्दै गएपछि सरकारले यस्तो प्रणाली आरम्भ गर्न लागेको हुनसक्छ । राष्ट्रिय परिचयपत्रले सवारी चालक लोसेन्सको विवरण समेटिने भएकाले त्यसमा लाग्ने ठूलो खर्च पनि जोगिन छ । तर, यसको कार्यान्वयन गर्नुअघि सरकारले बालबालिका आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय नागरिकको हकमा यसलाई बाध्यकारी बनाइनु हुँदैन ।**

# मोदीको कमजोर निरन्तरता र नेपाल-भारत सम्बन्ध



**तीर्थराज खरेल**


लोकसभा र राज्यसभा गरी दुई सदनात्मक संसद रहेको भारतमा केही हप्ताअघि लोकसभाको चुनाव भइरहँदा विशेषतः दक्षिण एसियाका केन्द्रीय राजधानी, बुद्धिजीवी र परराष्ट्र मामिलामा चासो राख्ने सबैमा भारतमा कस्तो नेतृत्व आउला, नरेन्द्र मोदीको निरन्तरता होला कि नहोला, नरेन्द्र मोदीको दल भारतीय जनता पार्टीको स्थान कस्तो होला, विपक्षको रूपमा रहेर भारतीय जनता पार्टीको नेतृत्वको गठबन्धन 'एनडीए'को बिरुद्धमा 'इन्डिया' गठबन्धन बनाई चुनावी रणमैदानमा होमिएको भारतीय राष्ट्रिय काङ्ग्रेसको अवस्था कस्तो रहला भन्ने थियो। यो चाख र चासोको विषय किन हो भने भारतीय राजनीतिमा आएको फेरबदलले छिमेकी देशहरूको राजनीतिक, आर्थिक, व्यापारिक, सामरिक र समग्रमा वैदेशिक मामलामा प्रत्यक्ष-परोक्ष प्रभाव पार्ने गर्छ।

अहिले निर्वाचनको नतिजा सार्वजनिक हुँदा भारतीय जनता पार्टी (भाजपा) नेतृत्वका एनडीएको बहुमत आएको छ। भारतीय इतिहासमा जवाहरलाल नेहरूपछि तेस्रो कार्यकालका लागि नरेन्द्र मोदी सत्ताको वागडोर सम्हाल्न तयार भएका छन्। उनले सोही अनुरूप गठबन्धनका सबै दललाई सकेसम्म भागबण्डा मिलाएर मन्त्रीमण्डल बनाएका छन् र नित्यकर्ममा सरकार अघि बढिसकेको छ। कुनै पनि देशको लागि परराष्ट्र नीति शासनको एक महत्वपूर्ण क्षेत्र हो। फरक अपेक्षा, गुनासो र निराशा साझा गर्ने छिमेकीहरूको जटिल समूहसँग सामना गर्ने चुनौती भारतका लागि अझ बढी छ। त्यसैले सत्तारुढ गठबन्धनले घरेलु आर्थिक सुधारको क्षेत्रमा मात्र नभई परराष्ट्र नीतिको प्राथमिकताको क्षेत्रमा पनि महत्वपूर्ण चुनौति सामना गर्ने सम्भावना छ।

जवाहरलाल नेहरूका पालादेखि इन्दिरा गान्धी, आइके गुजराल र नरेन्द्र मोदीको माध्यमबाट भारतले छिमेकी देशहरूसँगको सम्बन्धलाई नियन्त्रण गर्ने परराष्ट्र नीति अपनाएको छ। नेहरूलाई, भारतका प्रथम प्रधानमन्त्री र असंलग्न आन्दोलनका संस्थापक मध्ये एक, भारतीय विदेश नीतिको जग बसालेको श्रेय दिने गरिन्छ। उनको कार्यकालमा असंलग्नता, स्वतन्त्रता आन्दोलनको समर्थन र प्यान-एशियाई एकता भारतीय विदेश नीतिको आधारशिला थियो। संयुक्त राज्य अमेरिका र तत्कालीन सोभियत संघबीचको प्रतिद्वन्द्वीद्वारा चिन्हित द्विध्रुवीय विश्व व्यवस्थाको विकल्पको रूपमा गैर-पङ्क्तिबद्धता र तटस्थताको दर्शनलाई प्रक्षेपण गरिएको थियो। नेहरूको कार्यकालमा नेपालले भारतीय सहयोगमा राणातन्त्रलाई उखेलेर लोकतन्त्रमा संक्रमणको बाटो अवलम्बन गरिएको थियो।

नेपालको सार्वभौमसत्ताको अभ्यास र आफ्नो उत्तरी सिमानाभन्दा बाहिरको सीमा सुरक्षा क्षेत्रको भारतको व्याख्यामा कहिलेकाहीँ मतभेद भए पनि नेपालसँगको भारतको सम्बन्ध कम वा कम उचाइमा थियो। मतभेदका बाबजुद नेहरूले नेपालको सार्वभौमसत्ताप्रतिको चासोलाई मान्यता दिए र नेपालसँग भारतको सम्बन्धलाई प्राथमिकता दिए। नेहरु युगको अन्त्यपछि इन्दिरा गान्धीले नेतृत्वको जिम्मेवारी सम्हालिन्। उनको विदेश नीति नेरुभियन आदर्शवादले भन्दा यथार्थवादले बढी चिन्ह लगाएको थियो। उनको कार्यकालले धेरै ऐतिहासिक घटनाहरू देख्यो। सन् १९७१ मा बंगलादेश पाकिस्तानबाट छुट्टिएको थियो र १६ मे १९७५ मा सिक्किमलाई भारतमा गाभिएको थियो। भारतले अगस्ट ९,१९७१ मा सोभियत संघसँग मित्रता र शान्तिको सन्धिमा हस्ताक्षर गर्यो। स्वतन्त्रतापछिको इतिहासमा पहिलो पटक इन्दिरा गान्धीले भारतलाई क्षेत्रीय भूराजनीतिमा भूमिका खेल्ने क्षेत्रीय शक्तिका रूपमा प्रस्तुत गरिन्। त्यस अवधिमा नेपाल-भारत सम्बन्धले दुई देशका शासक वंशबीच बेलाबेलामा झगडाका साथ कम स्थिरता कायम राखेको थियो।

> भारतीय नेतृत्व लोकसभा चुनावको तयारीमा व्यस्त रहेका बखत गत फागुन २१ गते नेपालमा अप्रत्याशितरूपमा राजनीतिक परिवर्तन भयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता साझेदार फेरे।



नेपाल-भारत सम्बन्धका बहुआयमिक पक्षहरु छन्, जस्तैः राज्य-राज्यबीचको सम्बन्ध, राजनीतिक वृत्तको सम्बन्ध र नागरिकबीचको सम्बन्ध। अहिले चिन्ताको विषय भनेको नागरिक-नागरिकबीचको सम्बन्ध हो। यद्यपि दुवै राष्ट्रले केही संयमता अपनाएको देखिन्छ। तर, यो संयमता नै सम्बन्ध सुधार गर्न पर्याप्त भने छैन। दुबै राज्यबीच सम्बन्ध त्यत्ति सुमधुर नहुनु पछाडिको प्रमुख कारण भनेको हामीले सम्बन्धहरुलाई राष्ट्र-राज्यको खाकाबाट हेर्नु हो। यस्तो दृष्टिकोणले नेपाल र भारतबीच भएका बहुआयामिक सम्बन्धलाई सम्बोधन गर्न सक्दैन। किनकि दुबै सभ्यतामुलक राष्ट्र हुन् र एकले अर्कोको सभ्यता र संस्कृतिलाई समृद्ध गर्नमा परिपूरकको भूमिका निर्वाह गर्नुपर्दछ। नेपाल र भारतबीच जुन किसिमको सम्बन्ध सदियौंदेखि रहँदै आएको छ, त्यस्तो सम्बन्ध संसारका कमै देशहरुका बीच देख्न सकिन्छ।

नेपाल र भारतबीच जुन स्तरको सम्बन्ध छ, स्वभाविक रुपमा त्यसले केही समस्या पनि जन्माउँछ। तर, सम्बन्धहरुलाई समस्याको आँखाबाट मात्र हेर्ने प्रवृत्तिले भने परिस्थिति परिवर्तन नहोला भन्न सकिँदैन। आईके गुजरालको कार्यकाल भारतको विदेश नीतिमा साना छिमेकीहरूसँगको अनौठो प्रयोगको अवधि थियो। गुजराल विदेश नीति विशेषज्ञहरूको भीडमा उभिए जसले छिमेकीहरूसँग थप दृढ परराष्ट्र नीतिको वकालत गरे। उनले तयार गरे जुन पछि व्यापक रूपमा गुजराल सिद्धान्तको रूपमा चिनियो। गुजराल प्रधानमन्त्री बनेपछि उनको सिद्धान्तलाई थप प्रष्ट पारियो र थोरै सफलता मिले पनि कार्यान्वयन गर्ने प्रयास गरियो। यो सिद्धान्तले पारस्परिकताको खोजी नगरी साना छिमेकीहरूको हितको एकपक्षीय नीतिमा जोड दिएको छ। यसले मित्रता र विश्वासमा ध्यान केन्द्रित गर्‍यो जसले थप सहयोगी र उदार छिमेक नीतिमा परिवर्तन गर्‍यो।

फलस्वरुप गुजरालको कार्यकालमा छिमेकी मुलुकसँगको सम्बन्धमा उल्लेख्य सुधार भएको थियो। अहिले नेपाल र भारत दुबैतिर फेरिएको परिस्थिति छ। नेपाल र भारत दुबैतर्फ राजनीतिक परिस्थिति फेरिएको छ। नेपालमा गठबन्धन फेरियो। भारतमा नयाँ जनादेशले शक्ति सन्तुलन फेरियो। दबै देशमा प्रधानमन्त्री नफेरिए पनि राजनीतिक परिस्थिति फेरिँदा विश्वासको खाडल थियो। नेपालमा पछिल्लो गठबन्धन बनेपछि भारत टाढा र चीन अलि नजिक भएको हो कि भन्ने पनि ठानिएको थियो, जसरी यसअघिको गठबन्धन छँदा भारत नजिक, चीन टाढाजस्तो थियो। यहाँ नयाँ गठबन्धन बनेपछि भारतीय पक्षको मनमा रहेको चिसोको मात्रा बढाएको अनुमान गर्न सकिन्छ। यो अविश्वासलाई विश्वासको वातावरणमा परिणत गर्न संवाद तथा प्रत्यक्ष भेट प्रभावकारी हुन्छ।  नेपालको फेरिएको गठबन्धनप्रति भारतको दृष्टिकोणले धेरै कुरामा फरक ल्याउँछ। भारतीय नेतृत्व लोकसभा चुनावको तयारीमा व्यस्त रहेका बखत गत फागुन २१ गते नेपालमा अप्रत्याशितरूपमा राजनीतिक परिवर्तन भयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता साझेदार फेरे।

कांग्रेस सरकारबाट बाहिरियो, एमाले भित्रियो। यो परिस्थितिलाई लिएर भारतीय नेतृत्वले कुन दृष्टिले हेरिरहेको होला भन्ने जिज्ञासामा नेपालको राजनीतिक वृत्तमा छ, तर एउटा कुरा सत्य हो कि उता भारतमा पनि भाजपा एक्लैको बहुमत रहेन। प्रधानमन्त्री मोदी गठबन्धनमा निर्भर रहनुपर्ने भयो। अब नेपाल वा छिमेकीमाथि विगत जस्तो दबाव भारतीय पक्षले राख्न सक्दैन। किनभने, मोदी आफैलाई अहिले आन्तरिक व्यवस्थापन ठूलो चुनौति छ। हिजोको दिनमा भाजपा अत्यधिक शक्तिमा थियो। अहिले भाजपाको मात्रै दुई सय ४० सिट आएको छ, जुन एकल सरकार बनाउन अपर्याप्त छ। अहिले त्यो अवस्था नभएकोले ऊ छिमेकमा फरक हिसाबले जानुपर्ने हुन्छ। भाजपाले छिमेकमा राम्रो सम्बन्ध बनाउनुपर्ने हुन्छ। यहाँको आन्तरिक मामिलामा चासो दिँदा सद्भाव र विश्वासमा अनावश्यक क्षति पुग्छ।

निष्कर्षमा भन्ने हो भने बद्लिएको परिस्थितिमा मोदीले छिमेकप्रति के-कस्तो नीति अवलम्बन गर्छ भन्ने कौतुहल कायमै छ। तर, पहिलाभन्दा घटेको शक्तिका साथ सत्तामा निरन्तरता पाएका मोदीका निम्ति छिमेकलाई विश्वासमा लिएरै अघि बढ्नुपर्ने हुन्छ। छिमेकीहरूले हिजो मोदीलाई जुन तहमा सुन्थे, स्वीकार गर्थे, अब त्यस्तो नहुन सक्छ भनेर पनि विश्लेषण भइरहेको छ।  तसर्थ, छिमेकीको साथ र समर्थनको खास अर्थ र महत्व छ, उनका लागि। तसर्थ, उनले नेपालको राजनीतिक नेतृत्वसँग मिलेर पारस्परिक हित र चासो सम्बोधन गर्न तयार रहेको जनाउ दिएका हुन सक्छन्। अर्थात्, नेपालको सत्ता-राजनीतिमा दक्षिणले तत्काल उति साह्रो चाख नदिन सक्छ। नेपाल-भारत सम्बन्ध प्राचीन र गौरवपूर्ण अतीतले भरिएको छ र भविष्यमा पनि अझ विकसित, न्यानो र पारस्परिक विश्वासले भरिपूर्ण सम्बन्ध रहनेमा विश्वास गर्न सकिन्छ।

*tirthakharel2028@gmail.com*

# अवस्था बदल्न सोच बदलौं



**भोजबहादुर बोयालर**

नेपाली शान र मान एकातिर बहादुरीसँग जोडिएको छ भने अर्कातिर पूर्वीय ज्ञानसँग जोडिएको छ। पूर्वीय ज्ञानमा गौतम बुद्ध र उनको ज्ञानको सागर छ। साथै महर्षि जनक र उनको शासन गर्ने शैली छ। गीता, वेदपुराण र कैयौं ऋषिमुनि छन्, तर यी दुई वटै पाटाको मर्मबाट वर्तमान विचलित छ। न त बहादुरीको इतिहास लेखाउने साहस छ न त बुद्ध, जनक र ऋषिमुनिको बाटो भेटाउन सकिएको छ।

इतिहासका पानामा उनै चढे, जो शक्तिमा थिए। इतिहासको भाषा र मर्म उनकै पढ्यौं, जो शक्तिका नजिक थिए। अर्थात् खुकुरी बनाउनेको इतिहास कहिल्यै लेखिएन। नङ्गा खियाउने कर्मयोगी र पसिना बगाउनेको इतिहास कहिल्यै पढिएन। पढिए र लेखिए फगत आदेश दिनेका कथा। यसको मतलब हामीले हाम्रो पुर्खाको इतिहास बिर्सनु भन्ने होइन तर इतिहासमा सबैको सम्मान गर्न र लेख्न कञ्जुस्याइँ पनि गर्नुहुन्न भन्ने हो।

वर्षौंसम्म हामी यिनै गोलचक्रमा घुमिरह्यौं। यिनकै कुरालाई धर्म मानी पछ्याइरह्यौं। पढाएनौं कर्तव्यनिष्ठ बन्ने सिप। सिकाएनौं समाजको कानून र समाजप्रति सजग रहने ज्ञान। भनेनौं, गलत गर्नेलाई औंला उठाउनुपर्छ भनेर। सिकाएनौं विश्लेषणात्मक चेतनाको ज्ञान। व्यवहारमा देखाएनौं, हरेक व्यक्तिको सम्मान गर्नुपर्छ भनेर।

'म को हुँ' भन्ने कुरामा हामी रनभुल्ल भयौं। एक जना क्यानडाका अनुसन्धानकर्ताले महाभारत युद्ध र अन्तर्राष्ट्रिय न्यायालयको युद्ध अपराधबारे अनुसन्धान गरेका छन्। उनको प्रारम्भिक कथन थियो कि, महाभारत लडाइँको एउटा पाटो युद्धमा कसरी, कसले नियम उल्लङ्घन गर्छन् र सत्यताको मर्म के हो भन्ने ज्ञानसँग सम्बन्धित छ। विश्वमा लडिरहेका सैनिक र विद्रोही सबैका लागि यो निष्कर्ष उत्तिकै महत्वपूर्ण छ। यही ज्ञानको आधारमा अन्तर्राष्ट्रिय युद्ध अपराध सम्बन्धी कानुन पनि बनेको देखिन्छ। संयुक्त राष्ट्रसङ्घमा कार्यरत त्यसबेलाका व्यक्तिहरूले महाभारत पढेको मात्र रहेन छ, उपयोग नै ल्याएको रहेछ।

हामीले खुकुरीको कहानी भन्यौं। बहादुरी पढायौं तर त्योभन्दा महत्व बोकेको आफ्नो पूर्वीय ज्ञान न त पढायौं न त उपयोग नै गर्‍यौं। देशमा महर्षि पनि राजा थिए भन्ने इतिहास एक पानामा टुग्यांयौं। नैतिकताको धरातलमा उभिएको आध्यात्मवादलाई छायाँमा राख्यौं। धर्मको नाममा व्यक्तिलाई जय जयकार गर्ने विभेदकारी संस्कारको पालना गर्‍यौं। नतिजा अहिले आफैंतिर फर्केको छ। हामी परिवर्तन खोज्छौं, आफूमा होइन, अरूमा। कर्तव्य पालना गर्न चाहँदैनौं तर अरूलाई पाठ सिकाउँछौं। राम र वेदव्यासका कथा सुनाउँछौं, तर तिनका आदर्शलाई व्यवहारमा लागू गर्दैनौं।

हिजो राणाकाल र पञ्चायतले भ्रमित गरेको जङ्गबहादुरको बाङ्गो रुख सोझो भन्ने जमात सामाजिक सञ्जालमा झ्याङ्गिँदो छ। हामी निहत्थाको हत्या अपराध हो भन्ने ज्ञान महाभारतमा पढ्छौं, तर निहित स्वार्थका लागि धृतराष्ट्र नै ठिक भनी दुर्योधन पुज्न थाल्छौं। महर्षि जनकको संस्कार पढाउँछौं तर शासन पद्धति, जनकल्याणकारी संस्कारमा ती आदर्श नियमको पालना गर्दैनौं।



हाम्रो चिनारीको अर्को पाटो विश्व शान्ति र मनवतावादसँग सम्बन्धित छ। हामीले समय र परिस्थिति हेरेर या त बहादुरीको कहानी या त शान्तिको कहानी सुनाइ हाल्छौं। बहादुरीको कहानी झैं शान्तिको कहानी पनि हाम्रो केबल सुनाउनका लागि मात्र भएको छ। बुद्धको शान्तिको ज्ञान विश्वजगत्ले उपयोग गरेको विज्ञानसँग जोडिएको छ। जो मानव मस्तिष्क र चित्तसँग कुरा गर्न सक्छ, उसमा धर्मभन्दा माथिको आचरण, करुणा, मानवता गाँसिएको हुन्छ। परिवर्तन अरूबाट होइन, आफैँबाट हुनुपर्छ भन्ने मान्यतासहित पञ्चशील र अष्टमार्गका आचरणमा बाँधिएको हुन्छ।

सायद यी आचरण पालना गरेर नै भिक्षु 'मेथिउ रिकार्ड' विश्वकै खुशी व्यक्ति भए। उनले जेनेटिक्समा विद्यावारिधि गरेर बौद्धको सेचेन गुम्बालाई कर्मथलो बनाए। अनि नेपाललाई मात्र नभई विश्वलाई नै यो ज्ञान बाँडे। उनको मस्तिष्कलाई स्नायु वैज्ञानिकले धेरै पटक अध्ययन गर्दा हालसम्मकै खुशी व्यक्तिको रूपमा रहेको प्रमाणित भएको छ।

बुद्धको ज्ञानमा आधारित करुणामयी शासकीय पद्धति बसाल्न सके दुःखीका आँशु पुछ्न सकिन्छ। शिक्षा, स्वास्थ्य, सामाजिक सेवा जस्ता क्षेत्रमा समान पहुँच पुर्‍याउन सकिन्छ। गरिबीका रेखाले भरिएका निधारबाट चुहिने पसिनाको मलमपट्टी गर्न सकिन्छ। निःस्वार्थ भावनाले नेतृत्व गर्न सके बुद्धको ज्ञान सबै ठाउँमा पुर्‍याउन सकिन्छ। व्यक्ति, परिवार र स्वकेन्द्रित राजनीतिका सूचकले बेरिएको हाम्रो मनस्थितिले बुद्धका बहुसत्य सोचाइको अनुसन्धानपरक ज्ञान र विश्लेषणात्मक चेत पचाउन सक्दैन। नेताभक्ति र आज्ञाकारिताको पाठशालामा हुर्केकाले त्योभन्दा परको संसारको सोच बनाउन सक्दैनन्।

हाम्रो संस्कारले विश्लेषणात्मक चेत बोकेको सोचमा ताल्चा लगाउन खोज्छ। विधार्थीले शिक्षकसँग, बालबालिकाले ठुलाबडासँग र कार्यकर्ताले नेतासँग प्रश्न गर्ने होइन, सुन्न पर्छ भन्ने आज्ञाकारिता घोकाइएको छ। प्रश्न सोध्नै हुन्न खुरु-खुरु मान्नु पर्छ भन्ने सोच अहिले पनि मौलाएको छ। नयाँ सोचसहित समाज सुधारको बाटोमा खुट्टा टेक्न प्रयास गर्‍यो भने तिनै पुराना सोचका प्रवृत्तिले चिथोर्ने प्रयास गर्छ। हामी त्यस्ताका सन्तान थियौं र त्यस्तै बन्नु पर्छ भनी आदर्श फुक्छौं। कहानी र कथाले हाम्रो दिमाग दीक्षित हुन्छन्। युवा वर्षौंदेखि ठगिँदै आएका छन्। तर, दुःख लाग्छ विश्लेषणात्मक चेत भएको बुद्धको बहुसत्य र गीताको कर्मवादलाई पछ्याउनुभन्दा गलतलाई सही भन्दै औंठाछाप ठोक्ने सामाजिक सञ्जालका पिछलग्गु हुन्छौं। यसरी निर्लज्ज जमातबाट नवीन सोचका युवा जन्माउन मुस्किल छ। यसबाट न शासन पद्धति सुदृढ हुन्छ न त व्यक्ति र समाज नै सुध्रिन सक्छ।

छातीमा हात राखेरभन्दा सडकमा मान्छे हिँड्न फूलले सजिएका हरियालीसहितका सफा पैदल बाटा सहरका सडकमा चाहिएका छन्। काठमाडौं राजधानी सहर मात्र होइन, नेपालकै छाती र मुटु हो। त्यसैले यो पाहुनाका लागि नेपालको पहिचान पनि हो। फोहोर, प्रदूषण र यत्रतत्र पार्किङमा राखिएका मोटरसाइकल, गाडी र तिनका आवाज कुरूप पक्ष हुन्। युवाको आवाज उठ्नु पर्छ- यस्ता खराब कामलाई हटाउन। विकल्पको रूपमा टनेल, पुल वा अरू प्रविधिबाट सवारी चलाउँ भनेर तर केहीले सही कामलाई सही भन्न सकेका छैनन्। राजधानी सफा गर्ने जिम्मा सबैको हो। फोहोरको डङ्गुरमा नाक छोपेर हिँड्नु परेको हिजोलाई सपार्न खोज्दा सबैले साथ दिनुपर्छ।  गोप



**दलहन खेती :** सुनसरीको गढी गाउँपालिका–३, छिटाहामा मुङको दालको कोसा टिप्दै किसान । मुङको दाल एक कठ्ठामा १५ देखि २० किलो फल्ने किसान बताउँछन् । *तस्वीर : रासस*

# भद्रपुर मालपोतको राजस्व वृद्धि




**भद्रपुर, असार ३।** भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरले चालू आर्थिक वर्षको ११ महिनामा रु. ७० करोड ९८ लाख १३ हजार आठ सय ९१ राजस्व सङ्कलन गरेको छ ।

११ हजार आठ सय ६१ थान रजिस्ट्रेसन पारितबाट उक्त आम्दानी भएको हो । चालू आवमा जग्गाको कारोबार बढेकाले राजस्व बढेको मालपोत कार्यालयका सूचना अधिकारी राजु दाहालले बताए । 'गत आव २०७९/८० को ११ महिनाको तुलनामा चालू आवमा रु. २० करोड ८७ लाख ९३ हजार छ सय १४ ले राजस्व सङ्कलन बढेको छ' -उनले भने । गत आवको सोही अवधिमा रु. ५० करोड एक लाख २० हजार दुई सय ७७ राजस्व सङ्कलन भएको थियो ।

चालू आवमा सेवा करबापत रु. छ करोड ८६ लाख ७० हजार दुई सय ८९, रजिष्ट्रेसन दस्तुर रु. ४३ करोड ४३ लाख ७८ हजार तीन सय ५५, छुटबापत रु. पाँच करोड ७० लाख ६३ हजार सात सय ४५, डोर सुविधा शुल्क रु. एक लाख ६५ हजार सङ्कलन भएको छ । पुँजीगत लाभकर रु. २६ करोड ३५ लाख ५५ हजार तीन सय ८५ र विलम्ब शुल्कबापत रु. एक लाख आठ हजार छ सय छ राजस्व सङ्कलन गरिएको सूचना अधिकरी दाहालले जानकारी दिए ।

यसैबीच आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालू आर्थिक वर्ष सकिन एक महिना बाँकी रहँदा रु. दुई अर्ब ६६ करोड ८० लाख ३२ हजार राजस्व सङ्कलन गरेको छ । आन्तरिक राजस्व कार्यालय भद्रपुरले गत आवको सोही अवधिको तुलनामा १६ करोड ६० लाख ९५ हजार बढी राजस्व सङ्कलन गरेको छ । गत आवको ११ महिनामा रु. दुई अर्ब ५० करोड १९ लाख ३७ हजार राजस्व सङ्कलन गरेको थियो ।

आन्तरिक राजस्व कार्यालयले ११ महिनामा राखेको लक्ष्यको ८३ दशमलव ३५ प्रतिशत मात्रै राजस्व सङ्कलन गरेको सूचना अधिकारी भीमप्रसाद आचार्यले जानकारी दिए । 'व्यापार व्यवसायमा मन्दी आउँदा राजस्व सङ्कलनको लक्ष्य नभेटिए पनि हालको सङ्कलन दर कायम राख्नुपर्ने चुनौति छ' -उनले भने ।

आन्तरिक राजस्व कार्यालयले आयकरबाट रु. एक अर्ब २२ करोड, भाडा आयकरबाट रु. तीन करोड चार लाख, ब्याजबापत रु. १० करोड २१ लाख, मूल्य अभिवृद्धि करबापत रु. एक अर्ब ११ करोड ९५ लाख, अन्तःशुल्कबापत ५८ करोड ७३ लाख राजस्व सङ्कलन भएको सूचना अधिकारी आचार्यले बताए । आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालू आवमा रु. तीन अर्ब ७९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ ।

# भिर मौरीको मह सिकारबाट मनग्य आम्दानी

**फुङ्लिङ, असार ३।** ताप्लेजुङका भिर मौरी सिकारीले भिर महबाट मनग्य आम्दानी गर्दै आएका छन् । सिकारीले पहाडी क्षेत्रमा भिरमा बसेका भिर मौरीको मह सिकार गरेर मनग्य आम्दानी गर्दै आएका छन् ।

सिरिजङ्गा गाउँपापिलका-८ याम्फुदीनका सन्तोष राईले गत जेठ पहिलो साता चार पोला भिरको मह काढे । राईले चार पोला भिर मह काढ्दा दुई सय बोतलभन्दा बढी मह जम्मा गरे । गाउँघरमा प्रतिबोतल रु. दुई हजार खरिद बिक्री हुँदै आएको छ । राई एक याममा रु. चार लाखभन्दा बढी कमाउन सफल भएका छन् । राईका अनुसार वर्षमा दुई याम भिर मौरीको महको सिकार गरिन्छ । वर्षमा करिब रु. पाँचदेखि सात लाख भिर मौरीबाट आम्दानी गर्दै आएको राईको भनाइ छ ।

उनले घर मौरी समेत पालन गरेका छन् । उनले आनुधिक प्रविधिका ३० घारमा मौरीपालन गरेका छन् । उनले वर्षमा घर मौरीबाट चार सय ५० बोतल उत्पादन गर्दै आएका छन् । राईका अनुसार गाउँघरमा घर मौरीबाट करिब रु. छ लाख आम्दानी हुन्छ ।

भिर मौरी सिकार गर्नका लागि प्रतिघार रु. दुई हजार सामुदायिक वनलाई रोयल्टी बुझाएर मात्र भिर मौरीको सिकार गर्न पाइने राईले बताए । याम्फुदिन क्षेत्रमा जेठ महिनामा २५ पोला भिर मौरीको मह सिकार भएको सिरिजङ्गा गाउँपालिका-८ स्थानीय तथा कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् याम्फुदीन कार्यालय प्रमुख सूर्यमान राईले बताए ।



मालिङ्गाको चोया प्रयोग गरेर बाटिएको डोरीबाट बनेको पच्याङ, गादा (सेप्टी), सुता, छपनी र डालो, मालिङ्गोकै दाबिलो, तसुरो लगायत सामग्रीको सहयोगमा भिर मौरीको मह सिकार गरिन्छ । पच्याङको माध्यमबाट चढ्ने, सुताको माध्यमबाट डालो, तसुरो र दाबिलो प्रयोग गरेर मह निकाल्ने गरिन्छ । स्थानीय भाषामा मह निकाल्नेलाई पच्याङ्गे भनिन्छ भने सुताको माध्यमबाट पच्याङ, दाबिलो, जोतारो, डालो जस्ता सामग्री मह निकाल्ने पच्याङेसम्म पुऱ्याउनेलाई सुतारे भनिन्छ ।

पच्याङ्गेले भिरबाट निकालेको मह छान्ने, भाडामा खन्याउने, धुँवा लगाउने लगायत अन्य काम गर्ने व्यक्तिलाई सहयोगी भनिन्छ । याम्फुदिनका दर्जनभन्दा बढी भिरमा वर्षौंदेखि भिर मौरी बस्ने गरेको पाइएको छ । भिर मौरीले जडीबुटीजन्य फूलबाट मह बनाउने भएकाले भिर मौरीको महलाई औषधीय गुण भएको मह मानिन्छ ।

धेरै खाँदा मात लाग्ने भिर मौरीको मह हाडजोर्नी, नशासम्बन्धी समस्या, युरिक एसिड, रक्तचापलगायत दीर्घरोग भएका व्यक्तिका लागि उपयुक्त औषधि हुने बताइन्छ । फेदीमा पुस्तौंदेखि परम्परागत संस्कारका रूपमा भिर मौरीको मह निकालिँदै आइएको स्थानीय मह सिकारी हस्तरामले बताए ।

उत्पादित भिर मौरीको मह जिल्लाको प्रमुख व्यापारिक केन्द्र फुङ्लिङ बजार हो । फुङ्लिङमा सञ्चालित ताप्लेजुङको कोसेली घरका सञ्चालक ललित गुरुङका अनुसार ताप्लेजुङ कोसेली घरबाट वर्षमा दुई सयदेखि तीन सय बोतलसम्म बिक्री हुँदै आएको छ ।

गुरुङको कोसेली घरमा प्रायः फक्ताङलुङ-६ लेलेपदेखि भिर मौरीको मह आउने गरेको छ । कोसेली घरमा प्रतिबोतल रु. तीन हजारदेखि रु. तीन हजार पाँच सयसम्म खरिद बिक्री हुँदै आएको छ । डिभिजन वन कार्यालयका अनुसार गत २०७९/०८० को आवमा पाँच हजार किलो भिर मह सङ्कलन भएको तथ्याङ्क रहेको छ । सो बराबर मह सङ्कलन हुँदा रु. दुई हजार रोयल्टी जम्मा भएको डिभिजन वन कार्यालयले जनाएको छ ।

ताप्लेजुङमा उत्पादन भएको मह झापा, धरान, विराटनगर, काठमाडौं, बेलायत, हङकङ, सिङ्गापुरलगायत ठाउँमा निर्यात हुने गरेको गुरुङले बताए । पछिल्लो समय जलवायु परिवर्तन तथा नेपाली कागज उद्योगमा प्रयोग गरिने रासायनिक पदार्थका कारण ताप्लेजुङमा भिर मौरी मासिँदै गएको फक्ताङलुङ-६ का स्थानीय तथा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद सदस्य केरसिंङ लिम्बूले बताए ।

'पहिले पहिले एउटै भिरमा नौ/दश पोला मैरी हुन्थ्यो' -उनले भने- 'अहिले विभिन्न कारणले भिर मौरी घट्दै गएको छ, यसप्रति सम्बन्धित निकायले ध्यान दिनुपर्ने अवस्था आएको छ ।' पछिल्लो समयमा सडक तथा पूर्वाधार विकास निर्माण प्रयोग हुने मेसिनले भिर पहरा प्रत्यक्ष तथा अप्रत्यक्ष असर हुने भएकाले समेत भिर मौरी सङ्कटमा पर्दै गएको लिम्बूको भनाइ छ ।

परम्परागत रूपमा सिकार गर्दा एक पटकमा धेरै मौरी मरेकाले समेत अझ सङ्कटमा पर्न पुगेको स्थानीयको भनाइ छ । उँधौलीको समयमा कात्तिक-मंसीर तथा उँधौलीको समयमा जेठ-असार गरी दुई पटक भिर मौरीको मह सिकार गर्ने गरिँदै आएको छ ।

# एबीसी नेपालद्वारा लैङ्गिक हिंसाबिरूद्ध सचेतना



**बिर्तामोड, असार ३।** एबीसी नेपाल कोशी प्रदेश कार्यालयको आयोजना र कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा लैङ्गिक हिंसाबिरुद्ध एकदिने सचेतनामूलक तालिम बिर्तामोड-१० मा सप्पन्न भएको छ ।

बिर्तामोड नगरपालिकाका उपमेयर एवम् कार्यक्रमका प्रमुख अतिथी नगेन्द्र संग्रौलाले पटक-पटक भएका आन्दोलनका उपलब्धिले सबै प्रकारका स्वतन्त्रता प्राप्त भएपनी यसलाई व्यवहारिक उपयोग गर्नुपर्ने धारणा राखे ।

आफ्नो स्वतन्त्रता प्रयोग गर्दैगर्दा अरुको अधिकारको पनि सम्मान गर्न सके समस्या नहुने बताउँदै उनले सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न आग्रह गरे ।

कार्यक्रमका विशेष अतिथि एवम् बिर्तामोड नगरपालिका वडा नम्बर-१० का वडाध्यक्ष दुर्योधन गुरुङले महिला, पुरुष दुबैमाथि हिंसा हुने बताउँदै वैदेशिक रोजगारीमा गएका परिवारमा बिखण्डनको समस्या देखिन थालेको बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख प्रकाश बिष्ट, बिर्तामोड नगरपालिका- १० नम्बर वडा सदस्य दिपिका शिवा, प्रेस युनियन झापाका निवर्तमान अध्यक्ष इन्दु पूर्वेली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

एबीसी नेपाल कोशी प्रदेश अध्यक्ष बिष्णु शर्माको अध्यक्षतामा सप्पन्न कार्यक्रममा स्वागत एबीसी झापा अध्यक्ष कञ्चना ढकाल सिटौला र सञ्चालन उमा शिवाकोटीले गरेका थिए ।

कार्यक्रमका वक्ताहरुले हिंसाको चपेटामा महिला पुरुष र तेश्रो लिङ्गी सबै पर्न सक्ने बताउँदै अधिकारको सन्तुलित उपयोग गर्नुपर्ने धारणा राखे ।

मुख्य गरी आदिवासी जनजाति महिलाहरुको सहभागिता रहेको कार्यक्रममा लैङ्गिक हिंसा, हिंसापीडितले न्यायिक निकायसम्म पुग्ने प्रक्रिया लगायतका बिषयमा अधिवक्ता लक्ष्मी खनाल कोइरालाले प्रशिक्षण दिएका थिए ।

# नगरस्तरीय खुला कविता प्रतियोगिता

**पथरीशनिश्चरे, असार ३।** मोरङको पथरी शनिश्चरेमा नगरस्तरीय खुला कविता प्रतियोगिता २०८१ हुने भएको छ ।

कला साहित्य प्रवर्द्धन समिति, पथरीशनिश्चरेद्वारा नगरस्तरीय खुला कविता प्रतियोगिताको आयोजना हुन लागेको हो । यही असार ८ गते शनिबार सो प्रतियोगिताको प्रथम चरणका लागि छनौटमा परेका उत्कृष्ट २० कविहरूले आ-आफ्ना कविताहरू वाचन गरी प्रतियोगितामा सहभागिता जनाउने छन् ।

सोको लागि नगरभित्रका जुनसुकै निजी वा सामुदायिक विद्यालयहरु, क्याम्पस, वा जो कोहिले जुनसुकै उमेरका इच्छुक प्रतियोगी कविहरूले खुल्ला प्रतियोगितामा सहभागिता जनाउन पाउने कला साहित्य प्रवर्द्धन समितिका संयोजक लक्ष्मीप्रसाद फुयालले जानकारी दिए ।

उनका अनुसार पहिलो चरणको प्रतियोगितामा सहभागिता जनाउन यहीँ असार ५ गते बुधबारभित्रमा इमेल, आइडी वा ह्वाट्स एप नम्बर वा सम्पर्क कार्यालयमा इच्छुक सर्जकहरूले स्वयम् आएर वा पठाएर आ-आफ्ना कविताहरू बुझाउन सक्नुहुने जनाइएको छ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना हुनेलाई क्रमशः १५ हजार, १० हजार, पाँच हजार र दुई हजार तथा प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रथम चरणको कार्यक्रम यही असार ८ गते, शनिबार मनोहर होटल एण्ड पार्कको सभाहल, रत्न चौक हुनेछ भने दोश्रो चरणको अर्को फाइनल प्रतियोगिता, स्रष्टा सम्मान, नाटक प्रदर्शन तथा विविध सांस्कृतिक कार्यक्रमसहित पुरस्कार वितरण कार्यक्रम आगामी असार १५ गते शनिवार एभरेष्ट अंग्रेजी माविमा सम्पन्न हुने साहित्य संयोजक फुयालले जानकारी दिए ।

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)


हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

शोवर्मा पारखीहरूका लागि
यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा

सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आजको दिन त्यति अनुकूल रहेको छैन, अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा राम्रो नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यमा ध्यान दिनुहोला, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुनिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** क्रोधका कारण तथा बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra